# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर , रौतहट ।

आ.ब. २०८२।०८३ को लागि आन्तरिक आयको ठेक्का सम्वन्धी
शिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।
**(दोस्रो पटक प्रकाशित मिति : (२०८२।०३।३१)**

यस कार्यालयबाट आर्थिक बर्ष २०८२।०८३ तथा उल्लिखित अवधिको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ बमोजिम निम्म अनुसारको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस नगरपालिकाबाट शिलवन्दी दरभाउपत्र फारम खरिद गरी पेश गर्नको लागि सर्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं | ठेक्काको नाम | न्यूनतम कबोल अंक (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०८२/०८३ | पौराइ हाटबजार | ४,२६,२५०। | १०००/- | १५ दिने |
| २ | ४/०८२/०८३ | जुडिवेला हाटबजार | ४२,५००। | १०००/- | १५ दिने |
| ३ | ८/०८२/०८३ | डुमरीया हाटवजार | १२,२९,८००। | १०००/- | १५ दिने |
| ४ | ११/०८२/०८३ | डावरी पिकनिक पार्क | ३,००,०००। | १०००/- | १५ दिने |

**शर्तहरु :**

१. प्रथम पटक प्रकाशित भएको मितिले टेण्डर फारमभरी १५ औं दिनसम्म कार्यालय समय भित्र निवेदनसाथ नवीकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत (BID Security) धरौटी वापतको रकम बोल कवोल अंकको ५% रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३०००००३००००००००१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक ग्यारेन्टी गोप्य शिलवन्दी टेण्डर फारमसँग पेश गर्नु पर्नेछ ।

३. कबोल अंकको १३% प्रतिशत मु.अ.कर समेत ठेक्केदार स्वयमले यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३०००००३००००००००१ मा वा करदाता सेवा कार्यालयमा जम्मा गरेको विवरण पेश गर्नुपर्नेछ ।

४. सकार गरेको रकमको ५०% नगद र बाँकीको हकमा मिति २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ । एक मुष्ट रकम जम्मा गरेको हकमा १०% छुट दिइनेछ। सो रकम आन्तरिक आय खातामा जम्मा गरी सम्झौताको लागि पेश गर्नुपर्ने छ ।

५. दररेट शर्तहरुलाई पालना गर्ने गरी रीतपूर्वक भरी शिलवन्दी गरी टेण्डर फारम १६ औं दिनको १२:०० बजेसम्म यस चन्द्रपुर नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ ।

६. बोलपत्र फारम दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ तर खरिद कार्य हुने छैन ।

७. रीतपूर्वक दर्ता आएका गोप्य शिलवन्दी टेण्डर फारमहरु १६ औं दिनका २:०० बजे बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रतिनिधको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

CS CamScanner

८. शिलवन्दी दरभाउ पत्र फारममा आफूले कवोल गरिएको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्ने छ ।

९. बन्द, हडताल लगायत गाउँलेहरुले ठेक्का चलन वा गर्न नदिएको जस्ता जुनसुकै कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा सम्वन्धित ठेकेदार नै जिम्मेवार हुनुपर्नेछ र त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षति पुर्ति तथा मिनहा दावि गर्न पाउने छैन ।

१०.हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायिहरुबाट नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नु पर्नेछ ।

११.बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन ।

१२.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस चन्द्रपुर नगरपालिकालाई हुनेछ ।

१३.यसमा उल्लिखित नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१४.यस सम्वन्धी अन्य कुनै जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

.............................

गंगा कुमारी बढ्का
राजश्व शाखा प्रमुख

CamScanner